नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाइ**
ढुङ्गे, नुवाकोट

फोन नं.: ०१०-५६०२१६, ०१०-५६१८४
इमेल :pmamp.piu.nuwakot@gmail.com
वेबसाइट: piunuwakot.pmamp.gov.np

प.सं. २०८१/८२
सू.नं. ०३

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत रसुवा जिल्लामा संचालन हुने आलु जोनमा सुचीकृत हुन एवं कार्यक्रम माग सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०४/२५ गते**

आ.व. २०८१/८२ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, नुवाकोट अन्तर्गत रसुवा जिल्लामा **आलु जोनको** तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले कार्यक्रममा सहभागी हुन इच्छुक यस कार्यालयमा सुचिकृत भएका वा मिति २०८१/०५/१३ भित्र सुचिकृत हुने कृषि समुह/सहकारी/जल उपभोक्ता समिति/कृषि फर्म कम्पनीहरुले आवश्यक कागजात सहित मिति २०८१/०५/१३ गते भित्र (२१ दिन) यस परियोजना कार्यान्वयन एकाइ, ढुङ्गे, नुवाकोट वा जोन प्राविधिक ईकाइ, धुन्चे, रसुवामा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०१०-५६०२१६, ०१०-५६०४००, ९८५१२४०२४३, ९८५११०५८५६, ९८५१२०५९३४ मा सम्पर्क राख्न हुन अनुरोध छ।

**तपशिल:**

| क्र.स. | स्वीकृत कार्यक्रमहरु | एकाइ | लक्ष्य | स्वीकृत बजेट (रु. लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्थानीय आलु प्रवर्द्धन कार्यक्रम | हेक्टर | २० | १०.२ | |
| २ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ३० | |
| ३ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | १० | १५ | |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. रु. १० को टिकट टाँस गरेको आवेदन फारम
२. सम्बन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
३. संस्थाको आ.ब. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (सम्झौताको समयमा आ.व.२०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने )
४. संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
५. सुचिकृत हुने संस्थाको हकमा कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा
६. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
७. समुह/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि

**आलु जोन कार्यक्रम संचालन हुने स्थानहरु:**

कालिका गा.पा वडा नं. १, ३, ४ र ५
गोसाईकुण्ड गा.पा वडा नं. ६
नौकुण्ड गा.पा वडा नं. १, २, ३, ५ र ६
आमाछोदिङमो गा.पा वडा नं. १, २, ३, ४ र ५
उत्तरगया गा.पा वडा नं. १, ४ र ५

होमनाथ लम्साल
वरिष्ठ कृषि अधिकृत

*नोट: कार्यालयले तयार गरेको कार्यक्रम मागको आवेदन फाराम, फर्मेट र तथ्याङ्क फाराम परियोजना कार्यान्वयन एकाइ ढुङ्गे नुवाकोट वा जोन प्राविधिक ईकाइ, धुन्चे, रसुवा वा यस कार्यालयको वेबसाइट www.piunuwakot.pmamp.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ।*